## ३७ अर्ब....

लाख ३८ हजार रूपैयाँ चुक्ता पुँजी कायम गर्न सफल भएका छन् । सिन्धु विकास बैंकले पनि चालू आवको पहिलो त्रैमासिक अवधिसम्ममा ५५ करोड ७४ लाख ५६ हजार रूपैयाँ चुक्ता पुँजी कायम गरेको छ । यीबाहेक ग्रिन डेभलपमेन्ट बैंक र कर्णाली डेभलपमेन्ट बैंकले पनि चालू आवको पछिल्लो अवधिमा क्रमशः ५१ करोड ९० लाख र ५० हजार २८ लाख ३० हजार रूपैयाँ चुक्ता पुँजी कायम गरेका छन् ।

क्षेत्रीयस्तरकै कर्पोरेट डेभलपमेन्ट बैंक र नारायणी डेभलपमेन्ट बैंकले भने चालू आवको पहिलो त्रैमासिक अवधिसम्ममा क्रमशः ५० करोड र २६ करोड २४ लाख ६७ हजार रूपैयाँ चुक्ता पुँजी पुऱ्याएका छन् ।

## १४ अंकले...

जसबाट २३ हजार तीन सय ४४ पटकको कारोबारमा ३० लाख २२ हजार ५२ कित्ता सेयर किनबेच हुँदा कुल कारोबार रकम ९३ करोड आठ लाख ३९ हजार नौ सय एक रूपैयाँ पुगेको छ ।

नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)मा यस दिन कारोबार भएका कुल उपसमूहरूमध्ये सबै उपसमूहहरूको सूचक उकालो लागेर सेयरबजार परिसूचक पूरै हरियो भएको छ । जसमध्ये वाणिज्य बैंक उपसमूहको सूचक छ दशमलव ८७ अंकले उकालो लागेर १२ सय ७२ दशमलव ११ विन्दुमा चढेकोमा विकास बैंक उपसमूहको सूचक पनि आठ दशमलव ३० अंकले उकालो लागेर तीन हजार दुई सय ९८ दशमलव २९ विन्दुमा चढेको छ । फाइनान्स उपसमूहको सूचक पनि छ दशमलव ३१ अंकले उकालो लागेर १४ सय ९५ दशमलव ८७ विन्दुमा चढेकोमा जलविद्युत् उपसमूहको सूचक पनि १४ दशमलव ८५ अंकले उकालो लागेर १९ सय ६३ दशमलव ८४ विन्दुमा चढेको छ ।

जीवन बीमा उपसमूहको सूचक पनि ८३ दशमलव ८५ अंकले उकालो लागेर नौ हजार एक सय ३६ दशमलव ८३ विन्दुमा चढेकोमा निर्जीवन बीमा उपसमूहको सूचक पनि सात दशमलव ८३ अंकले बढेर सात हजार चार सय ३७ दशमलव १५ विन्दुमा चढेको छ । यीबाहेक होटल तथा पर्यटन, लगानी, उत्पादनमूलक, लघुवित्त, सामूहिक लगानी कोष, अन्य र ट्रेडिङ उपसमूहहरूको सूचक पनि क्रमशः ६४ दशमलव ५१, शून्य दशमलव ११, २२ दशमलव २९, ३० दशमलव २३, शून्य दशमलव शून्य तीन, ३४ दशमलव चार र १५ दशमलव ८१ विन्दुले उकालो लागेका छन् ।

यस दिन कमाउने कम्पनीहरूको सूचीमा पहिलो स्थानमा परेको आँधीखोला लघुवित्त वित्तीय संस्थाको सेयर मूल्य १० प्रतिशतले बढेर १५ सय सात रूपैयाँ अन्तिम मूल्यमा प्रतिकित्ता सेयर किनबेच भएको छ । दोस्रो स्थानमा परेको सिर्जनशील लघुवित्त वित्तीय संस्थाको सेयर मूल्य पनि १० प्रतिशतले नै बढेर नौ सय ९६ रूपैयाँ ६० पैसा अन्तिम मूल्यमा प्रतिकित्ता सेयर किनबेच भएको छ । यीबाहेक धौलागिरि लघुवित्त वित्तीय संस्था, सीवाईसी लघुवित्त वित्तीय संस्था आदिको सेयर मूल्य पनि उकालो लागेका छन् । गुमाउने कम्पनीहरूको सूचीमा पहिलो स्थानमा परेको सनराइज ब्लुचिप फण्डको सेयर मूल्य चार दशमलव ६७ प्रतिशतले घटेर सात रूपैयाँ १५ पैसामा प्रतियुनिट सेयर किनबेच भएको छ । दोस्रो स्थानमा परेको गरिमा डिबेञ्चर २०८५ को सेयर मूल्य पनि तीन दशमलव ९४ प्रतिशतले घटेर आठ सय एक रूपैयाँ १० पैसा अन्तिम मूल्यमा प्रनियुनिट सेयर किनबेच भएको छ । यीबाहेक फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था, लिबर्टी इनर्जी कम्पनी आदिको सेयर मूल्य पनि ओरालो लागेका छन् ।

यस दिन बढी रकम कारोबार गर्ने कम्पनीहरूको सूचीमा पहिलो स्थानमा परेको नेपाल टेलिकमको प्रतिकित्ता नौ सय ३१ रूपैयाँ अन्तिम मूल्यमा छ करोड ३८ लाख ३७ हजार दुई सय १८ रूपैयाँ ६० पैसाको सेयर किनबेच भएको छ । दोस्रो स्थानमा परेको सिभिल बैंकको पनि प्रतिकित्ता दुई सय १८ रूपैयाँ ७० पैसा अन्तिम मूल्यमा चार करोड तीन लाख ७० हजार तीन सय २८ रूपैयाँ ९० पैसाको सेयर किनबेच भएको छ । यीबाहेक हिमालयन डिष्टिलरी प्रालि, नबिल बैंक आदिको पनि बढी रकम कारोबार भएका छन् ।

## विश्वभरः....

मूल्यवृद्धि छ । सन् २०२१ जनवरीको तुलनामा मकैको मूल्य २८ र गहुँको मूल्य १८ प्रतिशतसम्म बढेको पनि प्रतिवेदनमा उल्लेख छ । त्यस्तै, चामलको मूल्य ११ प्रतिशतले बढेको छ ।

नेपालको खाद्य मुद्रास्फीतिको अवस्था हेर्दा विश्व बैंकको प्रतिवेदनमा उल्लेखभन्दा नेपाल राष्ट्र बैंकको पछिल्लो विवरणअनुसार बढी मुद्रास्फीति देखिन्छ । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार गत कात्तिक महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति आठ दशमलव शून्य आठ प्रतिशत रहेको छ । जुन सरकारले राखेको वाञ्छित सीमाभित्रको लक्ष्यभन्दा बढी हो । रासस

## सामाजिक....

काठमाडौं, बबरमहलमा कार्यविधि सार्वजनिक कार्यक्रममा श्रममन्त्री शेरबहादुर कुँवरले नयाँ कार्यविधिले विभिन्न क्षेत्रका श्रमिक र स्वरोजगार नेपाली नागरिक उत्साही हुने बताए । 'नयाँ कार्यविधिले अब हरेक क्षेत्रका श्रमिक तथा नागरिकहरूले सुरक्षाको अनुभूति दिएको छ', मन्त्री कुँवरले भने, 'अबदेखि श्रमिक र स्वरोजगार मात्रै नभई उनीहरूको परिवारका सदस्य समेत सुरक्षित भएको हुँदा, परिवारका सदस्यहरूको शिक्षा, स्वास्थ्यका साथै वृद्धावस्थामा चिन्ता लिनुपर्ने अवस्थाबाट उनीहरू मुक्त भएका छन् ।'

उनले वैदेशिक रोजगारीमा गएका श्रमिक तथा विदेशमा रहेका नागरिकहरू बिरामी वा अंगभंग भई फर्किएको खण्डमा समेत चिन्ता लिएर बस्नुपर्ने अवस्थाबाट मुक्त भएको बताए । वैदेशिक रोजगारीमा गई कारणवश बिरामी तथा दुर्घटनामा परेमा कोषले रकम प्रदान गर्नेछ । अर्कोतर्फ मुलुकभित्रै रहेका श्रमिकले आफ्नो परिवारलाई औषधि उपचार, राम्रो शिक्षा दिनको लागि कोषले विभिन्न कार्यक्रममार्फत सहयोग गर्ने बताए ।

यस्तै कोषको नियम, कार्यविधि समयसापेक्ष बनाउँदै लैजाने क्रममा अनौपचारिक, वैदेशिक रोजगारीमा रहेका श्रमिक र देशभित्र र बाहिर स्वरोजगारमा रहेका नागरिकहरू समेट्न सकिएको कोषले जनाएको छ । कोष योगदानमैत्री बनाउने क्रममा फराकिलो दायरा बनाउँदै अघि बढेको कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले बताए । 'औपचारिक क्षेत्रको श्रमिकलाई मात्र समेट्दा अन्य क्षेत्रका श्रमिकहरूले कोषमा नसमेटेको भन्दै प्रश्न उठाएका थिए', निर्देशक ज्ञवालीले भने, 'उनीहरूलाई समेट्न तथा विभिन्न असहज अवस्थामा सुरक्षा प्रदान गर्नका लागि उनीहरूलाई समेट्नु आवश्यक थियो तथा समस्या समाधान गर्नका लागि कोष तयार भएको हो ।'

यसरी विभिन्न क्षेत्रका श्रमिक र स्वरोजगार समेट्ने क्रममा विभिन्न संघ/संस्था जस्तो गैरआवासीय नेपाली संघ (एनआरएनए), अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) लगायतले महत्वपूर्ण भूमिका निर्वाह गरेको उनले बताए । कोषले दिने विभिन्न सेवाहरू लिनको लागि सेवाग्राही र कर्मचारीबीच भेट नहुने तथा नगद हातमा दिनुपर्नेजस्ता बाध्यता हटाई अनलाइन प्रणालीको प्रयोग गरिएको बताइएको छ ।

यस्तै नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष वरिष्ठ चन्द्र ढकालले विभिन्न संस्थामा आबद्ध श्रमिकहरूलाई समेट्नका लागि सरकारले अघि बढाएको यस्ता कार्यक्रमले उनीहरूको संरक्षण गर्न मद्दत पुग्ने बताए । सरकारले सुरक्षाका यस्ता कार्यक्रम सञ्चालन गर्दा निजी क्षेत्रलाई थप राहत पुग्ने उनको भनाइ छ । आईएलओका प्रतिनिधिले भने यस्ता कार्यक्रमले दिगो विकासका लक्ष्य प्राप्त गर्न नेपाल सरकारलाई सहयोग पुग्ने बताए ।


### सन्राइज बैंक लिमिटेड
### विस्तारित शाखा-कार्यालय, हरिसिद्धी
**निक्षेप हकदावी सम्बन्धी ३५ दिने सूचना**

श्री लक्ष्मी बहादुर महर्जनको नाति, श्री कका महर्जनको छोरा, बागमति प्रदेश, ललितपुर जिल्ला, साविक हरिसिद्धी वडा नं. २८ बस्ने राकेश महर्जनको मिति २०७९/०६/२८ गते निधन भएको भनी निजको नाममा यस बैंकको हरिसिद्धी शाखामा रहेको निक्षेप रकम भुक्तानी पाँउ भनी निज मृतकको पत्नी ज्ञान लक्ष्मी महर्जनले यस बैंकमा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित दावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा कानून बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। साथै, म्यादभित्र प्राप्त नभएको र रित नपुगेको दरखास्तउपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

सन्राइज बैंक लिमिटेड SUNRISE BANK LIMITED RISING TO SERVE हामी संग-संगै
प्रधान कार्यालय तथा मुख्य शाखाः सन्राइज प्लाजा, गैह्रिधारा क्रसिङ, काठमाण्डौ
टोल फ्रि नम्बरः १६६००१२२४४४, फोनः ४००४५६०-६४, फ्याक्सः +९७७-१-४४२२४७५, इमेलः info@sunrisebank.com.np



### सन्राइज बैंक लिमिटेड
### शाखा कार्यालय, गौर
**निक्षेप हकदावी सम्बन्धी ३५ दिने सूचना**

श्री सेख असिनको नाति, श्री सेख सफिकको छोरा, रौतहट जिल्ला, राजपुर न.पा. वडा नं. ०३ बस्ने सेख जमिरुलको मिति २०७८/०९/१५ मा मृत्यु भएको कारण निजको नाममा यस बैंकको शाखा कार्यालय गौरमा रहेको खाता नं. ०४६०६०८५३१२०५००१ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनि निज मृतकको पत्नी नसीमा खातुन र मनाज बेगमले यस बैंकमा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित दावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा कानून बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। साथै, म्यादभित्र प्राप्त नभएको र रित नपुगेको दरखास्तउपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

सन्राइज बैंक लिमिटेड SUNRISE BANK LIMITED RISING TO SERVE हामी संग-संगै
प्रधान कार्यालय तथा मुख्य शाखाः सन्राइज प्लाजा, गैह्रिधारा क्रसिङ, काठमाण्डौ
टोल फ्रि नम्बरः १६६००१२२४४४, फोनः ४००४५६०-६४, फ्याक्सः +९७७-१-४४२२४७५, इमेलः info@sunrisebank.com.np



### बीमालेख हरायो

एशियन लाईफ इन्स्योरेन्स क.लि.ले जारी गरेको मेरो निम्न व्यहोराको बीमालेख मिति २०७९/७/२५ मा इनरुवादेखि इटहरीसम्म जाँदा हरायको हुँदा फेलापार्नुहुने महानुभावहरूले निम्न लिखित ठेगानामा उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु ।

नाम : स्वस्तिक खड्का
बिमालेख नं. : ६०१००००५८९७
ठेगाना : कटारी-०३, उदयपुर
फोन : ९८२६७१५८००
सम्पर्क कार्यालय : नयाँबानेश्वर
फोन : ०१-४१०६८७१



### निक्षेपउपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

शेर जंग गुरुङ्गको नाति, सिंह बहादुर गुरुङ्गको छोरा, श्रीमाया गुरुङ्गको पति हाल चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १९(साविक शारदानगर गा.वि.स.वडा.नं.०२)बस्ने, यस बैंकको रामपुर शाखाका खातावाला राम बहादुर गुरुङ्गको मिति २०७७०७२४ मा मृत्यु भएकाले यस बैंकमा रहेको निजको बचत खाता नं. ०४८००४२०१८३०००२२ र चल्ती खाता नं.०४८००४२०१८३०००१२ मा भएको रकम पाउँ भनी निज खातावालाको छोरा हाल चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं. १९, (साविक शारदानगर गा.बि.स.वडा.नं.०८) बस्ने राजु गुरुङ्ग र जेठी बुहारी हाल चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १९,स्थायी ठेगाना रुपन्देही जिल्ला, तिलोत्तमा नगरपालिका वडा.नं.१४ बस्ने तनुजा गुरुङ्गले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११(२) बमोजिमको अग्रप्राथमिकतामा अन्य कुनै हकदार भएका भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने व्यहोरा जानकारी गराईन्छ।

PRABHU BANK प्रभु बैंक लिमिटेड
शाखा कार्यालय : रामपुर
फोन नं.०५६-५९२५०५, फ्याक्स :०५६-५९२५०४



### सन्राइज बैंक लिमिटेड
### शाखा कार्यालय, दुर्गा भगवती
**निक्षेप हकदावी सम्बन्धी ३५ दिने सूचना**

श्री तुलसी चौधरीको नाती, श्री लखन चौधरीको छोरा, रौतहट जिल्ला, भलोहिया गा.वि.स. वडा नं. १ हाल दुर्गाभगवती गा.पा. वडा नं. २ बस्ने अनुठा चौधरी कलवारको मिति २०७९/०३/२५ मा मृत्यु भएको कारण निजको नाममा यस बैंकको शाखा कार्यालय दुर्गा भगवतीमा रहेको खाता नं. ०७९०५७६६७९४०५००१ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनि निज मृतकको छोरा श्री निर्मल चौधरीले यस बैंकमा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित दावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा कानून बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। साथै, म्यादभित्र प्राप्त नभएको र रित नपुगेको दरखास्तउपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

सन्राइज बैंक लिमिटेड SUNRISE BANK LIMITED RISING TO SERVE हामी संग-संगै
प्रधान कार्यालय तथा मुख्य शाखाः सन्राइज प्लाजा, गैह्रिधारा क्रसिङ, काठमाण्डौ
टोल फ्रि नम्बरः १६६००१२२४४४, फोनः ४००४५६०-६४, फ्याक्सः +९७७-१-४४२२४७५, इमेलः info@sunrisebank.com.np



### बीमालेख हरायो

एल आई सि (नेपाल) लि.ले जारी गरेको मेरो निम्न व्यहोराको बीमालेख हरायको हुँदा फेलापार्नुहुने महानुभावहरूले निम्न लिखित ठेगानामा उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु ।

नाम : लक्ष्मण ठाकुर लोहार
बिमालेख नं. : २५०७०४१४८
ठेगाना : भक्तपुर
फोन नं. : ९८१८२९७७१२



### सौमिल पार्टी प्यालेस प्रा.लि.
### कम्पनी खारेज गरिएको लिक्विडेटरको सूचना

उपरोक्त विषयनुसार कम्पनी ऐन वमोजिम दर्ता नं प्रा.लि.नं. : १०७८५१/०६९/०७० र दर्ता मिति २०६९/०८/२४ भएको सौमिल पार्टी प्यालेस प्रा.लि. कम्पनीको विशेष साधारणसभाद्वारा मिति २०७९/०७/१५ को निर्णय अनुरूप कम्पनी ऐन २०६३ को दफा १२६ ले व्यवस्था गरे अनुसार कम्पनीलाई स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने विशेष प्रस्ताव पारित गर्ने निर्णय गरेकाले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सवुत प्रमाण सहित सूचना प्रकाशित गरिएका मितिले ३५ दिनभित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कानून वमोजिम भई जाने व्यहोरा सुचित गरिन्छ ।

श्रीधर न्यौपाने
लिक्वडेटर, प्रमाणपत्र नं ५३२, फोन नं. ९८४१४८११७४



### निक्षेपउपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

रुद्र नारायन चौधरीको नाति, नारायन प्रसाद चौधरी थारुको छोरा, सुनिता देवि चौधरीको पति बारा जिल्ला करैयामाइ गा.पा.वडा नं २ (साविक करैया गा.वि.स. वडा नं १) बस्ने यस बैंकको बर्दघाट शाखाका खातावाला लिलाराज चौधरीको मिति २०७९/०६/२०.मा मृत्यु भएकाले यस बैंकमा रहेको निजको बचत खाता नं. ०४७०१७३२११६०००११ मा भएको रकम पाउँ भनी निज खातावालाको श्रीमती बारा जिल्ला करैयामाइ गा.पा.वडा नं २ (साविक करैया गा.वि.स. वडा नं १) बस्ने सुनिता देवि चौधरीले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११(२) बमोजिमको अग्रप्राथमिकतामा अन्य कुनै हकदार भएका भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने व्यहोरा जानकारी गराईन्छ।

PRABHU BANK प्रभु बैंक लिमिटेड
शाखा कार्यालय : बर्दघाट
फोन नं.०७८-५८०७६०, फ्याक्स : ०७८-५८०७५५



### Madan Bhandari Foundation
*Kathmandu, Nepal*

**Invitation for Bids**

**Addendum Notice**

***Invitation for Bids No: CW/MF/01-2079/80***

***Date of publication: 2079/09/06***

Following addendum has been made in the bid notice published on 2079/08/20 for construction of **Meeting Hall of Madan Bhandari Foundation**.
Date of Purchase of Bid: ***2079/09/20*** during office hours.
Bid Submission Date: before ***12:00 Noon*** on ***2079/09/21***
Bid Opening Date: ***13:00, 2079/09/21***



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको नाम परिवर्तनको सूचना**

दोस्रो पटक प्रकाशित मितिः २०७९।०९।०६
यस नमुना अध्ययन केन्द्र प्रा.लि. (बेस्ट इन्टरनेशनल स्कूल प्रा.लि.)को मिति २०७९।०७।२० गते सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम यस कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु पर्ने व्यहोर्नु पर्ने ऋणधन कर दायित्व आदि परिवर्तन नामको कम्पनीले सकार्ने व्यहोर्ने गरि **बेस्ट इन्टरनेशनल ऐकेडेमी प्रा.लि.** कायम गरिएको र उक्त नाम परिवर्तनको निर्णय श्री कम्पनी रजिष्ट्रारको कार्यलयबाट मिति २०७९।०८।२० गते अभिलेख समेत भैसकेको व्यहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/०९/०६

यस कम्पनीको मिति २०७८/०१/०५ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनी **भार्गभ सव-मनि ट्रान्सफर प्रा.लि.**(प्रा.लि.नं.६६२११) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०२/०९ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **भार्गव कृषि फार्म प्रा.लि.** कायम गरिएको जानकारी गराइन्छ ।



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं
### सडक डिभिजन हेटौंडा, मकवानपुर
### निर्माण कार्य सम्पन्न गर्ने बारे अत्यन्त जरुरी सूचना

प्रकाशित मिति :- २०७९/०९/०६

यस सडक डिभिजन हेटौंडाअन्तर्गतका तपसिलबमोजिमका ठेक्काहरुमा सम्बन्धित निर्माण व्यवसायीलाई तोकिएको समयसीमाभित्र कार्यसम्पन्न गर्न पटक-पटक मौखिक/लिखित रुपमा जानकारी गराउँदा समेत लामो समयदेखि निर्माणकार्य सम्पन्न गर्ने/गराउनेतर्फ आवश्यक अग्रसरता नदेखाएको, स्वघोषित कार्यतालिकाअनुसार अपेक्षित प्रगति हासिल नगरेको हुँदा समयमै कार्य सम्पन्न गर्न/गराउनुहुन पुनः सूचित गरिन्छ। यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्य सम्पन्न गर्ने गरी साइटमा स्रोतसाधनहरु परिचालित गरी कार्यमा तीव्रता दिई आधिकारिक प्रतिनिधि स्वयम् अनिवार्य रुपमा कार्यालयमा उपस्थित भई कार्य सम्पन्न गर्ने सुनिश्चितता र विश्वसनीय आधारसहितको संशोधित निर्माणकार्य सम्पन्न हुने परिमार्जित कार्यतालिका पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधिभित्र कार्यस्थलमा आवश्यक मात्रामा स्रोत-साधनहरु परिचालित गरेको वा निर्माण/मर्मतकार्यमा तीव्रता आएको नदेखिएमा जुनसुकै बेला ठेक्का सम्झौताको शर्त तथा प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम ठेक्का अन्त्य गर्नेतर्फ कारबाही अगाडि बढाइने हुँदा के/कति कारणले ठेक्का तोड्ने प्रक्रिया अगाडि नबढाउने हो सोको स्पष्ट लिखित प्रमाणसहित आधिकारिक प्रतिनिधि स्वयम् यस कार्यालयमा उपस्थित हुन समेत यसै सूचनाद्वारा अन्तिम पटक जानकारी गराइन्छ।

तपसिल :

| सि.नं. | ठेक्का नं. | कार्यको विवरण | निर्माण व्यवसायीको नाम, ठेगाना |
|---|---|---|---|
| 1 | CDRO7/650/067/68-81 | Tilabe River at Jitpur-Biruwagau-Shripur-Pachgawa Road, Ektanga Parsa | Pappu Construction Birgunj, Parsa |
| 2 | DROHTD/337157-4/070/71-141 | Bangari River at Banjariya, Bara | Elite/Mona JV, Kathmandu |
| 3 | DROHTD/337157-4/071-72/125 | Gangol River, Auraha V.D.C. along Jhakhara-Santhi Road, Parsa | DS/Mona JV, Birgunj-13, Parsa |
| 4 | DROHTD/337157-4/072-73/003 | Gangol River along auraha Santhi road, parsa | DS/Mona JV, Birgunj-13, Parsa |
| 5 | DROHTD/337157-4/072-73/094 | Sirsiya River along Ithayahi to Maniyari Road, Parsa | DS/Mona JV, Birgunj-13, Parsa |
| 6 | DROHTD/337157-4/072-73/095 | Gangol River at Nichuta V.D.C. Moretol Road, Parsa | DS/Mona JV, Birgunj-13, Parsa |

डिभिजन प्रमुख



नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
रुपाताल संरक्षण रकीकृत विकास परियोजना
पोखरा, कास्की

### भूलसुधार

यस **रुपाताल संरक्षण एकीकृत विकास परियोजना** को मिति २०७९/०९/०५ गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनाको तेस्रो हर्फमा म्याद भित्र समेत तोकिएको कार्य सम्पन्न नभएकोले सम्झौताको (GCC) 72.3 (i) मा भएको व्यवस्था कार्यान्वयन गर्ने प्रयोजनार्थ Performance Gurantee, Advance Payment Guarantee and Insurance Document को विवरण पेश गर्न लिखित तथा मौखिक रुपमा जाकारी गराईएकोमा हुनुपर्नेमा अन्यथा भएकोले यसै सूचनाद्वारा सच्चयाईएको व्यहोरा जानकारीको लागि अनुरोध छ।



अर्वान बचत तथा ऋण सहकारी संस्था लि.
**Urban Savings & Credit Co-operative Ltd.**
Putalisadak, Kamaladimode, Kathmandu, Tel: 4251552

### चौधौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस संस्थाको मिति २०७९ पौष ०४ गते बसेको सञ्चालक समितिको बैठकले निर्णय गरे बमोजिम चौधौं वार्षिक साधारण सभा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्नका लागि निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएकाले सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु।

सभा हुने मिति, स्थान र समय :
सभा हुने मिति : २०७९/०९/२० गते
स्थान : संस्थाको कार्यालय, काठमाडौं
समय : बिहान १०:०० देखि २:०० बजे सम्म।

छलफलका विषयहरु :
१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा।
२. लेखा समितिको प्रतिवेदन सम्बन्धमा।
३. आ.ब. ०७८/०७९ को लेखा परिक्षकको प्रतिवेदन तथा नाफा नोक्सान हिसाव स्वीकृत।
४. आ.व. ०७९/०८० को लागि लेखा परिक्षकको नियूक्ति र निजको पारिश्रमिक निर्धारण
५. रोयल बहुउद्देश्यीय सहकारी संस्था लि. संग मर्जर गर्न स्वीकृत लिने सम्बन्धमा।
६. निर्णय पुस्तिकामा हस्ताक्षर गर्न सञ्चालक समितिको तर्फबाट र सदस्यहरुको तर्फबाट प्रतिनिधिको नियूक्ति सम्बन्धमा।
७. विविध।

सञ्चालक समितिको तर्फबाट
सचिव


Find us on : facebook/ aarthikdainik